हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १७३ पृष्ठ : ४ २०७७ माघ ११ गते आइतबार (Sunday 24 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

•हरवा चरवा राष्ट्रिय सम्मेलन•

# १० बुँदे लहान घोषणा पत्र जारी




**मणिलाल विश्वकर्मा**

लहान । आर्थिक बिपन्नताको कारणले ऋण बन्धनमा परेर न्यून ज्यालामा कृषि मजदुरी र गाईबस्तु चराईरहेका पूर्वी र मध्य तराई क्षेत्रमा बसोवास गरेका हरवा चरवाहरूले १० बुँदे घोषणासहित शनिबार सिरहाको लहानमा दोस्रो राष्ट्रिय सम्मेलन गरेका छन् ।

'हरवा चरवा प्रथा अन्त्यको घोषणा गर, भूमिसहित न्यायपूर्ण पुनःस्थापना गर' भन्ने नारासहित सम्पन्न सम्मेलनले स्थानीय तहमार्फत् हरवा चरवाको तथ्यांक संकलन गरी परिचय पत्र वितरण, अनुचित ऋण खारेजीसहित पुनःस्थापना गर्दा १० कठ्ठा जग्गा वितरण गरिनु पर्ने, तिनका लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा प्राथमिकताको माग गरेको छ । विशेषगरी भूमिहीन, दलित तथा सिमान्तकृत समुदायका व्यक्तिहरू दासत्वको शिकार भइरहेकाले सरकारले हस्तक्षेपकारी भूमिका खेल्नु पर्ने, बाध्यकारी श्रम मुक्त मुलुक घोषणा गरी त्यस्तो श्रम प्रणालीलाई निषेध र दण्डनीय बनाउन एकीकृत कानुन बनाउन माग गरिएको छ ।

त्यस्तै, मुक्त हलिया, बालीघरे, मुक्त कमैया तथा हरवा चरवाको भूमि, आवास एवम् रोजगारी सुनिश्चितताका लागि भूमि सम्बन्धी समस्या समाधान आयोगमार्फत् कार्यक्रम संचालन, भूमि आयोगको कार्य विवरणमा बाध्यकारी श्रमको मारमा परेका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको स्पष्ट पहिचान गरी भूमि वितणमा विशेष प्राथमिकता, हरवा चरवामाथिको अनुचित ऋण खारेजी गरेपछि मात्र जमिन वितरणको माग गरिएको छ ।

घोषापत्रमा कानुनी स्वामित्वसहितको जग्गा नहुनु, नागकिता जस्ता परिचय पत्र नहुँदा सामान्य घर व्यवहार चलाउन पनि गाउँका गिरहत (साहु) सँग वार्षिक ३६ देखि एक सय २० प्रतिशतसम्म ब्याजमा ऋण लिने भएकाले साहुसँग ज्याला, समय र सुविधा जस्ता आधारभूत अधिकारको बारेमा कुरा गर्न नसकेकाले यस्तो प्रथा अन्त्यको माग गरिएको छ ।

हरवा चरवाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन भूमि आयोगमार्फत् उनीहरूको वास्तविक तथ्यांक, सूचना, संकलन गरी पहिचान तथा प्रमाणीकरण लगायतका माग गरिएको छ ।

बाँकी ३ पेजमा

# जिबा पुलमा भेटिएको बम सेनाद्वारा डिस्पोज

सिरहा । पूर्वपश्चिम राजमार्ग अन्तर्गत सिरहाको मिर्चैया नगरपालिका–५ स्थित जिबाखोलाको पुलमा प्रेसरकुकर बम फेला परेको छ । शनिबार बिहान पुलमा प्रेसर कुकर बम भेटिएको हो ।

बम भेटिएलगत्तै घटनास्थल पुगेको नेपाल प्रहरी, सशस्त्र प्रहरी र सेनाको डिस्पोजल टोलीले बम डिस्पोज गरेको छ । कुकुरमा राखिएको अवस्थामा भेटिएको सो बम इम्प्रोभाइज एक्सपोलिसिभ डिभाइस 'आइडी' भएको बताइएको छ ।

बम भेटिएपछि शनिबार बिहानैदेखि पूर्वपश्चिम राजमार्गमा सवारी आवागमन बन्द गरिएको थियो । बम राखिएको ठाउँ कुनै पर्चा भने भेटिएको छैन । बम कसले र के प्रायोजनको लागि राखेको भन्ने विषयमा अनुसन्धान भइरहेको ईलाका

बाँकी ३ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्रयाक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्रयाक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०

छिटो भनेकै WORLDLINK
*Terms and Conditions Apply

SPEEDमा BOOST नगदमा छुट
3C 25 Mbps Rs. 1,250
6C Rs. 2,700 Rs. 2,200
FREE
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229


फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## जंगली हात्तीबाट बच्ने र बालीनाली जोगाउने उपाय अपनाऔं

**हात्ती बुद्धिमान् र शान्तिप्रिय जीव हो । हात्तीले पर्यावरण सन्तुलन कायम राख्न मद्दत गर्दछ । वनजंगलमा हात्तीको उपस्थिति हुनु नै स्वस्थ वातावरणको संकेत हो । त्यसैले हात्तीलाई वातावरणको सूचक मानिन्छ । हात्ती चुरे संरक्षणको सूचक हो । चुरे हात्तीको घर र मानवको भाग्यरेखा पनि हो । विश्व संरक्षण संघ (आइयुसिएन)ले हात्तीलाई संकटापन्न जनावरको सूचीमा सूचीकृतसमेत गरेको छ । त्यसैले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनअनुसार संरक्षित जनावर हात्तीलाई मारेमा वा घाइते बनाएमा वा यसको अंगप्रत्यंग ओसारपसार गरेमा १० लाखसम्म जरिवाना वा १५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको हो ।**

**मूख्य गरी कोशी टप्पु आरक्ष क्षेत्रबाट उदयपुर, सप्तरीको चुरेक्षेत्र हुँदै हात्तीले सिरहाको चुरे वन झाडी वरिपरिको वस्तीमा हात्तीले मान्छे मार्ने, घर भत्काउने र बालीनाली बर्सेनि मास्ने गरिरहेको छ । हात्तीको हिंडने जैविक मार्ग मासेर बस्ती बसेपछि हात्तीले उपद्रो मच्चाउने गरेको छ । हात्ती भगाउनका लागि ढुंगालगायतले हिर्काउने, आगो बाल्ने कार्य गर्दासमेत हात्ती बढी आक्रामक हुन थालेका हुन् । हात्तीले प्रायः घना बस्ती र सहरी क्षेत्रमा गएर घर भत्काउने, मानिस मार्ने गरेको कुरा त्यति सुन्नमा आएको पाइँदैन । केवल जंगलको छेउमा छरिएर रहेका गरिब मानवीय बस्तीहरूमा स–साना कमजोर अवस्थाका घरहरू हात्तीले भत्काएको र खेतीपाती खाइदिएको पाइन्छ । त्यस्ता क्षेत्रमा बढी मानवीयलगायत खेतको अन्नबाली, घरमा राखेको अन्न, घरगोठको हात्तीले क्षति पुऱ्याएको छ । छरिएर रहेका बस्तीलाई एकीकृत बस्तीमा विकास गर्न सके मानव हात्ती द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने देखिन्छ ।**

**गाउँघरमा हात्ती देखियो भने अन्नपात, घरगोठभन्दा पहिला आफ्नो ज्यान जोगाउनेतिर लाग्नुपर्छ । अन्नको क्षतिपूर्ति राज्यले दिने व्यवस्था गरेको छ भने ज्यानको क्षतिपूर्ति कसले दिन सक्छ ? हात्तीले मान्छे मारेबापत राहतस्वरूप १० लाख र घाइते पारेमा उपचार खर्च राज्यले बेहोर्ने प्रावधान रहेको छ । हात्ती नियन्त्रणका लागि जंगली हात्ती हिंड्ने जैविक मार्गको सम्पर्क टुटेको क्षेत्रलाई पुनः जोड्नका लागि सरकारले प्रयास गर्नुपर्ने देखिन्छ । त्यस क्षेत्रमा रहेका मानव बस्तीलाई अन्यत्र सारेर हात्तीको आवागमनलाई सहज बनाउनु पर्नेहुन्छ । बस्तीलाई स्थानान्तरण गर्न नसकिने अवस्थामा हात्ती प्रवेश गर्ने क्षेत्रका बासिन्दाले हात्तीले नोक्सानी नगर्ने किसिमका अन्नबाली र जडीबुटी खेतीलाई बढावा दिनुपर्ने हुन्छ ।**

**केन्यामा जंगली हात्तीले मान्छे मार्ने र किसानका बालीनाली मास्ने गर्न थालेपछि किसानले बिद्धुतिय धराप राखेर हात्ती मार्ने, विष राखिदिने वा गोली हानेर हात्ती मार्न थालेका थिए । यसलाई कसरि रोक्ने भनेर बेलायतको लण्डन युनिभर्सिटीका अनुसन्धानकर्मीहरुले अध्ययन गरे । यूनिभर्सिटीको ज्योलोजी बिभागका फ्रिज भोलराथले माहुरी भएका रुखहरुबाट हात्ती तर्किने गरेको पत्तो पाए सन् २००२ मा । केन्यामा त्यसरि लहरै राखिएका माहुरीका घार मध्ये केहिमा माहुरी थिएनन् चाका मात्रै राखिएको थियो । माहुरीको चाकाको गन्धपनि हात्तीले थाहा पाउने भएकोले त्यस्तो बाटोबाट हात्ती तर्केको पत्ता लाग्यो । हात्तीहरु महुरीको भुनुनु सुन्नासाथै पनि पुच्छर ठाडो पार्दै भागेको उनीहरुले पत्ता लगाए । हात्तीहरुको स्मरण शक्ति ज्यादै तगडा हुन्छ । माहुरीले एक पटक टोकेपछि तिनले आफ्नो जिवनभर भुल्ने गर्दैनन् । हातीहरु समूहमा बस्ने जनावर भएकाले एक अर्काका अनुभव र खतरा तुरुन्तै आदानप्रदान गर्छन् । त्यसैले समूहको कुनै एउटा हत्तीलाई माहुरीले टोक्यो भनेपनि बाँकि सबै हात्ती भाग्ने गर्छन् । नेपालमा पनि यस्तै उपायहरु अबलम्वन गर्न आवश्यक छ ।**

# हात्ती (गजमहाराज) किन उद्दण्ड मच्चाइसिन्छ ?

**वेदबहादुर खडका**



**ऐतिहासिक पृष्ठभूमि**

विश्वमा दुई प्रकारका हात्ती पाइन्छ–एसियाली र अफ्रिकी । नेपालमा पाइने हात्तीलाई एसियाली हात्ती भनेर चिनिन्छ । एसियाली हात्ती विश्वमा १३ देशमा करिब ५० हजारको संख्यामा जंगलमा रहेका छन् । भारतमा मात्र एसियाली हात्ती ३० हजारको हाराहारीमा रहेका छन् भने विश्वमा करिब १५ हजार हात्ती घरपालुवा अवस्थामा रहेका छन् । नेपालमा करिब दुई सयको संख्यामा जंगली हात्ती र त्यही हाराहारीमा घरपालुवा हात्ती रहेका छन् भने करिब एक सयदेखि १५० को संख्यामा बर्सेनि भारतबाट नेपालमा बसाइँ सरी आउने र फर्किने गरेको अभिलेखहरू रहेका छन् ।

राणाशासनकालमा बच्चा तथा अर्धजवान जंगली हात्तीलाई पक्राउ गरी तालिम दिई कज्याई घरपालुवा बनाउँथे । घरपालुवा हात्तीलाई भालेलाई गज वा प्रसाद र पोथीलाई कली भन्ने प्रचलन छ । हाल निकुञ्ज आरक्षअन्तर्गत हात्तीसारमा पालन प्रजनन गरिएका यी हात्तीबाट जन्मेका बच्चाको नामकरण राजसंस्था रहुन्जेल राजपरिवारका सदस्यहरूको नामबाट नामकरण हुने प्रचलन थियो । जस्तै, त्रिभुवनकली, महेन्द्र गज, वीरेन्द्रप्रसाद, ऐश्वर्यमाला, दीपेन्द्रगज, श्रुतिकली, ज्ञानेन्द्रप्रसाद, पारस गज, हिमानीकली आदि । तर, सबै जंगली हात्तीलाई त्यस्ता नामले चिन्न र नामकरण गर्न सम्भव छैन भने पछिल्लो समयमा चितवन तथा पर्साका गाउँबस्तीमा र चितवन राष्ट्रिय निकुञ्जको हात्तीसारमा नियमित देखा परिरहने कारणले केही जंगली भाले हात्तीलाई रोमियो, रेनाल्डो, गणेश, नाना पाटेकर, ध्रुवे र गोविन्देजस्ता नामले चिनिने गरेको छ । समग्रमा जंगली हात्ती भालेलाई मत्ता/गज, कतैकतै गजराज, गजमहाराज, पोथीलाई ढोई र बच्चालाई छावा भन्ने गरिन्छ ।

**ध्रुवे गजमहाराज**

नेपालमा राणाशासनकालमा देशमा गरिबीको जर्जर अवस्था रहेको थियो । देशको आर्थिक अवस्था टार्न चितवनको जंगलका ठूलो मात्रामा सालका काठ, वन्यजन्तुको आखेटोपहार ( वन्यजन्तुहरूको जीवित वा मृत शरीर वा चिन्न सकिने अवस्थामा रहेको अंगप्रत्यंग र त्यसबाट बनेका समानसमेत) भारततर्फ निकासी गरिन्थ्यो । देशको मुख्य आयस्रोतको ठूलै हिस्सा हात्ती समाई भारत निकासीबाट हुने गर्दथ्यो । जसले गर्दा नेपालबाट करिब–करिब जंगली हात्ती हराइसकेको अवस्था थियो । सन् १९८० तिर केही जंगली हात्ती कोसीटप्पु वन्यजन्तु आरक्षमा फाट्टफुट्ट रूपमा देखा परेका र सो हात्तीहरू आसामबाट आएको विश्वास गरिन्छ । त्यसपछि क्रमिक रूपमा बढ्दै गएर चितवनमा पनि हात्ती देखा पर्न थाले ।

राणाशासनकालमा राणा प्रधानमन्त्रीहरूले नेपालको चारकोसे झाडीमा हिउँदभरि आफू पनि सिकार खेल्थे, अन्य विदेशी विशिष्ट पाहुनालाई समेत बोलाई सिकार खेलाउँथे । तत्कालीन समयमा अर्धतन्नेरी हात्तीलाई जंगलबाट खेरा अर्थात् सबैतिरबाट बीचमा पारी ठूलो भाले हात्तीको मद्दतबाट पक्राउ गरी मुख्यतया सिकारका लागि तालिम दिई कज्याउने गरिन्थ्यो । सिकार यति भव्य हुन्थ्यो कि सन् १९२१ मा बेलायतका राजकुमार प्रिन्स अफ वेल्स सिकारका लागि सवार गर्दा ४२८ हात्तीको व्यवस्था गरिएको थियो । सिकारका लागि प्रमुख जनावरमा बाघ, गैंडा, चितुवा, भालु र गोही नै थिए । सिकारलाई चारैतिरबाट हात्तीले घेरिदिने र हात्तीको हौदामा रहेका राजा, प्रधानमन्त्री वा विशिष्ट पाहुनाले सिकार गर्ने प्रचलन हात्तीबाटै गर्ने गरेको उदाहरण राणाकालदेखि नै सुरूवात भएको पाइन्छ ।

वि.सं. १९०८ मा राणा प्रधानमन्त्री जंगबहादुरले राप्ती उपत्यकाबाट जंगली हात्ती समाती काठमाडौं लगेका थिए । राजसंस्थाको कालमा पनि निकुञ्जमा सिकार गर्ने परम्परा कायम नै थियो, जसका लागि जंगली हात्ती पक्राउ गरी तालिम दिने परम्परा कायम नै थियो, तर अहिले आएर यो परम्परा हराएर गयो । राजा महेन्द्रका पालामा समेत रामभेरीभाटा, सिकारीवास, माडी र राप्तीदुन क्षेत्रबाट समेत हात्ती पक्राउ गरिन्थ्यो । परापूर्वकालदेखि नै हात्तीलाई मुख्य यातायातको साधनको रूपमा प्रयोग गर्दथे । तराईका अधिकांश जिल्लामा हुनेखाने साहु महाजनहरूले ०३० सालसम्म हात्ती पाल्ने गरेको पाइन्थ्यो भने हाल आएर साहु महाजनसँग विरलै हात्ती रहेको देखिन्छ ।

**मानव र हात्तीबीच अन्तर्द्वन्द्व**

यस पृथ्वीमा मानिस आउनुभन्दा लाखौं वर्षअगाडिदेखि नै हात्तीहरू आफ्नो अस्तित्वमा आइसकेका थिए । पछि यिनीहरूले बाली खाइदिने हुनाले खासगरी किसानले हात्तीलाई शत्रुको रूपमा लिन थालेका हुन् । कहिलेकाहीँ सञ्चारमाध्यमबाट सुनिन्छ, फलानो ठाउँमा हात्ती आयो, त्यसले उद्दण्ड मच्चायो, कतै चितुवाले र कतै भालुले दुःख दियो । हुन सक्छ, ती ठाउँमा पहिला जंगल थियो होला, उनीहरूका पुर्खा आहारका लागि त्यही ठाउँबाट ओहोर–दोहोर गर्थे होलान् र अहिले त्यहाँ बस्ती बसिसकेको अवस्था होला । बाबुबाजेले हिँड्ने गरेको बाटोमा सन्ततिले पहिल्याउँदै आउनु उनीहरूको प्राकृतिक स्वभाव हो । हात्तीले बर्सेनि बसाइँ सर्ने गरेको कारण तथा धान र मकैको सिजनमा जंगलबाट बाहिरको क्षेत्रमा नियमित रूपमा विचरण गर्ने गरेको कारणले धेरै ठूलो संख्यामा जनधनको क्षति हुने गरेको छ । अभिलेखअनुसार बर्सेनि १० जनाभन्दा बढी मानवीय क्षति हात्तीको कारणले हुने गरेको छ भने तीनदेखि पाँचवटा हात्ती बर्सेनि मानवीय क्रियाकलाप तथा प्रतिशोधका कारण मारिने गरेका छन् । वासस्थानको विनाश, चुरे क्षेत्रको नियमित दोहन, वासस्थानको क्षयीकरणका कारण बर्सेनि मानव वन्यजन्तु द्वन्द्व बढ्दै गइरहेको छ, जसले गर्दा मानवीय क्षतिसँगसँगै ठूलै परिमाणमा बालीनाली क्षति, घरगोठ क्षति र सम्पत्तिको समेत क्षति हुने गरेको र मानव हात्ती द्वन्द्व न्यूनीकरणका लागि सरकारले ठूलो धनराशि खर्च गर्ने गरेको भए पनि समस्या घट्नुको सट्टा झन् बढ्दै गएको छ ।

**समस्या र समाधानका उपाय**

हात्ती बुद्धिमान् र शान्तिप्रिय प्राणी हो । हात्ती शाकाहारी प्राणी हो, उसको आहार वनजंगलमा हुने घाँसपात र फलफूल नै हो, अर्थात् फलफूलको हकमा पाकेको बेलसमेत खान मन पराउँछन् । त्यही आहारको अभावमा खोजी गर्दै जाँदा ऊ गाउँघरनजिकको खेतीबालीमा चर्न पुग्छ, त्यहाँ उहिले उसको घर थियो, अहिले मानवको घर भएको छ । ऊ गाउँमा घर भत्काउन, मान्छे मार्न गएको हुँदैन र उसलाई यो रहर पनि हुँदैन । हात्ती मानिसको संसर्गमा बस्न रूचाउँदैन । त्यसैले गाउँबस्तीमा हात्ती प्रायः राति निस्कन्छ । त्यस समयमा गाउँलेहरू वल्लो घर पल्लो घरबाट हो– हो– हो– गरी कोकोहोलो गर्ने, तर्साउने, हात्तीलाई ढुंगा हान्ने, आगोको मुस्लो उसको डढेल्नोमा झोस्ने, फालिदिने, चारैतिर टर्चलाइटको मल्याकमुलुक उज्यालो पारी हात्तीलाई तर्साइदिने कारणले हात्तीले आफू चारैतिर घेराबन्दी भएको महसुस गर्दछ ।

हामीले उसको वासस्थान मासेर मानवीय वासस्थान बनाएका छौं । जग्गा अतिक्रमित गरेका छौं र त्यहाँ अव्यवस्थित बस्ती बसालेका छौं । चुरेलाई अझ बढी दोहन गर्न क्रसर उद्योग चलाएका छौं । वैज्ञानिक वनका नाममा भएका वनजंगल फँडानीले वन्यजन्तुको घर उजाडिदिएका आदि क्रियाकलापले गर्दा हात्तीलगायत अन्य वन्यजन्तुको वासस्थानलाई खुम्च्याइदिएका छौं । हात्तीमा विद्यावारिधि गरिरहेका अशोक रामका अनुसार विगत २० वर्षदेखि नेपालभरिमा चोरी सिकारीबाट पाँच र प्रतिशोध भावनाले १७ हात्ती मारिएका छन् । ६० भन्दा बढीको प्राकृतिक कारणले मृत्यु भएको छ भने लगभग दुई सयजना मान्छेलाई हात्तीले मारिसकेको अवस्था रहेको छ । यो संख्या सडक दुर्घटनाको तुलनामा एकदमै न्यून हुन आउँछ । योभन्दा बढी बर्सेनि सडक दुर्घटनाबाट मानिसले ज्यान गुमाइरहेका हुन्छन् । हात्तीलाई हामीले जस्तो व्यवहार देखायो, उसले पनि त्यस्तै व्यवहार देखाउने गरेको पाइन्छ ।

**सामान्यतया हात्ती निम्न अवस्थामा आक्रामक हुन्छन्**

हात्तीसँग जम्काभेट भएमा वा जिस्क्याएमा वा हल्ला गरेमा, आफ्नो सुरमा चरिरहेको वेलामा अचानक नजिक पुगेमा, बच्चा/छावा साथमा भएको अवस्थामा, एक–आपसमा जुधेर घाइते भएको अवस्थामा, खेतीबाली खान आउँदा अगुल्टो वा आगोको मुस्लोले लाग्ने गरी हानेर धपाउँदा रिसाएर आक्रमण गर्न सक्छ । हात्तीको स्मरणशक्ति तेजिलो हुने भएकाले कुनै वेला हात्तीलाई भौतिक रूपमा पीडा हुने गरी कसैले दुःख दिएको छ भने त्यसलाई इख साँधेर बसेको हुन्छ र पछि आफ्नो अनुकूल हुनासाथ आक्रमण गर्न सक्छ र मार्ने र अंगभंग गरेको पनि उदाहरण छन् ।

**आक्रमणबाट बच्ने उपाय**

———— बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**वृष** :- न्यायिक कार्यमा सफलता मिल्नेछ । दैनिक कार्यमा प्रगती हुनेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति होला । राज्यबाट मान सम्मान पाइनेछ ।

**मिथुन**:- आज घरायसी समस्या बढ्नेछ । सामाजिक र पारिवारिक सम्बन्धमा चिसोपन देखिन सक्छ । मित्रहरूले दिएको वचन फर्न सक्छन् ।

**कर्कट** :- लाभ, हानी, आय, व्यय, सुख,दुख वरावरी मध्यम खालको दिन छ । आफन्तले सहयोग गर्नेछन् । नयाँ कार्यको योजना बन्नेछ ।

**सिंह**:- आज बौद्धिक काममा सफलता मिल्नेछ । कला र गलाको प्रभाव बढ्नेछ । मनमा शान्ति छाउनेछ र आत्मिक सन्तुष्टि पनि मिल्नेछ ।

**कन्या** :- आज रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । न्यायिक कार्यमा सफलता मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

**तुला** :- आज आर्थिक कारोवारमा मन्दी आउनेछ । प्रयत्न गर्दा पनि उपलब्धि पाउन मुस्किल पर्नेछ । मानसिक चिन्ता पनि बढ्न सक्छ ।

**वृश्चिक** :-आज रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । न्यायिक कार्यमा सफलता मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

**धनु** :- आज समाजसेवामा र राजनैतिक कार्यमा सफलता मिल्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ ।

**मकर**:- आज पुरानो र आस मारेको काम बन्ने छ । दाम्पत्य जीवन सुखमय हुनेछ । अचल सम्पत्ती हात पर्ने योगछ । सन्तान सुख पनि मिल्नेछ ।

**कुम्भ**:- परिवारजनको साथले नयाँ आशा जगाउनेछ । राजनीतिक कार्यमा सफलता मिल्नेछ । आ ́नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ ।

**मिन** :- आज शुभकार्यको चर्चा चल्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । रमाइलो यात्राको योग रहेको छ ।

# असल मानिस

**गन्थन**

**डा.शामरथ सिंह राई**

एउटा मानिस आफ्नो समय भन्दा अगाडी जन्मिछ । आज म त्यस्तो मानिसको बारेमा चर्चा गर्न गैरहेको छु–जो आफ्नो काममा पूर्णत क्रान्तिकारीले ओतप्रोत भएको हुन्छ । जुन काम समय र ठाउँको लागि निर्देशित भएझैं हुन्छ । उसको महान क्रान्तिकारी जागरण र बौद्धिकताले गणतन्त्रको शुभारम्भ गर्न सक्दछ । आशा र भरोसा मात्र नभई काममा पनि सक्रिय हुन्छ । बुद्धिको विज्ञताले भोलीको निमुखाको भाग्यलाई निर्माण गर्दछ ।

उसँग बचनवद्धता हुन्छ, जुन अरूसँग कदापी हुदैन । सर्वहारा, किसान लगायत कलम र बुद्धी चलाउने मानिसहरूको मुक्ति उसको मूल ध्येय हुन्छ । आफ्नो जस्तो देशका असल मानिस भनिनेहरू शून्यतामा रही बहुसंख्यकका भाग्यका कुरा प्यार–प्यार गर्छन । जसको आफ्नो भविष्य सुनिश्चित छैन त्यही मानिस जनताको भविष्यका बारेमा कुरा गरिरहेका हुन्छन् । त्यस्तो व्यक्तिले जनताको भविष्य कसरी हेर्न सक्छ ? सोचनीय छ । असल मानिस सबैको हितको लागी तत्पर रहन्छ । श्रमको आधारमा भविष्यको कल्पना गर्दछ भने श्रमले महान बन्दछ भन्ने तथ्य इन्च–इन्च उसलाई थाहा हुन्छ । उसलाई सामन्त व्यवस्थाले जनजिवीकाको खैरो खन्छ भन्ने थाहा भएको हुन्छ । उसले त्यसका लागि अनुशासनमा बाँधिइएको हुन्छ । सामन्ती व्यवस्थाले देश बन्दैन केवल गफ निर्माण गर्ने थलो बुझ्दछ ।

काम कस्तो । के को लागि । देश कसको लागि ? व्यवस्था कसको लागि ? कुन व्यवस्थामा आफ्नो भविष्य आफै बनाउन दिन्छ । जहाँ आर्थिक साथै राजनैतिक स्वतन्त्र कसैको भविष्यका लागि ग्यारेण्टी गरिएको हुन्छ । उ यो लक्ष्य, यसको प्राप्तीका लागि अहोरात्र विलीन हुन्छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय व्यवस्था कुन कुन प्रकारले किन चलिरहेको छ र जनताको सुख शान्तीको लागि संघर्ष गर्नमा कुनैं रोक नभएको अवस्था हुनुपर्ने हुन्छ भन्ने कुरा आत्मसात भएको व्यक्ति हुनुपर्दछ । साहित्य र भाषा, ज्ञान, विज्ञानका खरो अध्ययनबाट पारखी भएको हुनुपर्दछ । म आफू होइन जनताको हुँ भन्ने बुझेको



हुनुपर्दछ । जनताको लागि र त्यही कामको लागि मर्न तयार भएको हुनुपर्दछ ।

पुरानो व्यवस्था, नयाँ व्यवस्थाका संरचना र त्यसबाट फाइदा बेफाइदा आर्थिक साथै राजनैतिक, दार्शनिक लगायत अरू अन्तरहरू राम्ररी बुझेको हुनुपर्दछ, जानेको हुनुपर्ने हुन्छ । त्यागी मात्र नभई उद्धेश्य निमुखा प्रति कार्यान्वयन आधारमा खारिएको हुनुपर्दछ । संसारलाई कल्याण गर्ने कुरामा कुनै कसर राख्दैन । यी सबै आधारहरू कम से कम आत्मसात गरेका व्यक्ति नै असल मानिस हुन र ठहर्छ । उ सधै पाठक, श्रोता बन्नमा रूचाउँछ । हाँस झैं पानीमा दुध छुट्टयाउँन सक्षम भएको हुन्छ । क्रस अध्ययनले दिशा पहिल्याउन बडो तेजिलो हुन्छ । बसी खानेको घुमाउँरो तर्क उनले जनताको साहित्यलाई काम लाग्दैन भन्ने बुझदछ । उ कार्यमा भरोसा, असफलतामा सिकाइ र पछि सफलता हात पार्ने काम कैयौं दार्शनिकबाट ज्ञान प्राप्त गरेका हुन्छन् । उ अध्यारोबाट उज्यालोका लागि डटेर मुकाबिला गर्दा उज्यालो साबित हुन्छ भन्ने तथ्य थाहा पाएको हुन्छ । उ आशावादी भएको मानिस हुन्छ ।

संघर्ष हर समस्याको कसौटी हो भन्ने राम्ररी थाहा भएको हुन्छ । अध्ययनले पर पर देखिको, यत्तिसम्म कि अध्यारोमा पनि उसको ज्ञानचक्षुले काम निकाल्छ । असल मानिस जनताको हृदयभित्र हुन्छ ।

संसारलाई हेर्ने, उपयोग गर्ने हजार बाटो होलान, त्यसलाई बस्तुगत अध्ययनमा संरचनाबाट, आधिकारीक वचनबाट र पाठक पाराले, राजनीतिक पाराले र मनोवैज्ञानिक पाराले गर्न, हेर्न सकिन्छ भन्ने उसले राम्ररी बुझेको हुन्छ । पत्र–पत्रमा व्यक्तिबाट विलीन भई काममा लिप्त देखिन्छ । यो नै असल मानिसको पहिचान हो ।

## १० बुँदे...

**पुनः मण्डलको नेतृत्वमा केन्द्रीय समिति**

राष्ट्रिय सम्मेलनको बन्द सत्रले आगामी तीन वर्षका लागि सर्वसम्मत रूपले पुनः दशन मण्डल (सप्तरी) को अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको छ । केन्द्रीय समितिमा पदाधिकारीहरू उपाध्यक्ष श्रीप्रसाद सदा (धनुषा), महासचिव लागिन सदाय (सप्तरी), सचिव मो. कासिम ( सिरहा) र कोषाध्यक्ष रावती मण्डल (सिरहा) निर्वाचित भएका छन् ।

त्यस्तै, केन्द्रीय सदस्यहरू धनुषाका रामदयाल सदाय र आशमा खातुन, सिरहाका आशा पासवान र गीता सदाय तथा सप्तरीका सुनिता सदाय र सुमित्रा खङ् निर्वाचित भएका छन् । केन्द्रीय समितिको आगामी बैठकले विधान बमोजिम तीन जिल्लाबाहेक हरवा चरवाको बसोवास रहेको प्रदेश २ का अन्य जिल्लाका अगुवाहरूलाई मनोनयन गरिने अध्यक्ष मण्डलले बताए ।

**को हुन् हरवा चरवा ?**

पूर्वी र मध्य तराईका जिल्लाहरूमा सामान्य घर व्यवहार चलाउन भूमिहीन परिवारका कसैका बाबु बाजेले गाउँका साहुसँग ऋण लिएर चुक्ता गरेको रहेनछ भने त्यही ऋण चुक्ता गर्न खेतबारी जोत्ने व्यक्ति हरवा र गाईबस्तु चराउने व्यक्ति चरवा बस्नु पर्ने प्रथा अहिले पनि कायम नै छ ।

त्यस्तो ऋण कहिले चुक्ता हुन्छ भन्ने कुरा हरवा चरवाले थाहा पाउँदैनन् फलस्वरूप पुस्तौं पुस्तादेखि हरवा चरवाहरू कुनै हिसाब किताब बिना हरवा चरवा ऋणदाता धनीको खेत जोतिरहेका र गाईबस्तु चराउन बाध्य छन् । प्रायः ऐलानी, पर्ती, गाउँब्लक वा गाउँका साहुको निजी जग्गामा झुपडी बनाएर बसोवास गर्दै आएका हरवा चरवाहरू सिरहा सप्तरीमा मात्र करिब ५० हजारको संख्यामा रहेको राष्ट्रिय दलित नेटवर्क सिरहाले जनाएको छ ।

राष्ट्रिय हरवा चरवा अधिकार मञ्चको आयोजना तथा राष्ट्रिय दलित नेटवर्कको सहकार्यमा सम्पन्न सम्मेलनको उद्घाटन सत्रमा प्रदेश २ संसद्का सामाजिक विकास समितिका सभापति जैनुल राइन तथा सदस्य सुनिता रामले हरवा चरवाको मुक्तिको घोषणासँगै पुनःस्थापनाका लागि प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिएको भएपनि संघीय सरकारबाट आएका प्रदेश सचिवको असहयोगको कारणले समस्या भएको दावी गरे । सम्मेलन आयोजक मञ्चका पदाधिकारीहरूले सभापति राइन र रामलाई हरवा चरवाको नाममा रहेको अनुचित ऋण खारेज गरी मुक्तिको घोषणा, तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्रको व्यवस्था, पुनःस्थापना गर्दा कम्तिमा १० कट्ठा जग्गा प्रदान लगायतका पाँच बुदे मागसहितको ज्ञापन पत्र बुझाएका थिए ।

## जिबा पुलमा...

प्रहरी कार्यालय मिर्चैयाका डिएसपी राजेन्द्र श्रेष्ठले जानकारी दिए ।

शनिबार विप्लव समूहले गरेको नेपाल बन्दको प्रभाव सामान्य रहेता पनि केहि स्थानमा भने शंकास्पद बस्तु भेटिएका कारण जनजीवन त्रसित बन्यो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।**

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# माटो दिवसमा अधिकारकर्मी सम्मानित

**गोलबजार ।** मुसहर समुदायले बर्सेनि मनाउँदै आएको माटो दिवसको अवसरमा दलित अधिकारको क्षेत्रमा कार्यरत तीन जनालाई सम्मान गरिएको छ ।

सवरी संकल्प समाज गोलबजारद्वारा आयोजित ११ औं माटो दिवसको अवसरमा अधिकारकर्मी विनोद बिसुन्के, साहित्यकार एवं लेखक चन्द्र प्रसाद ऋषिदेव र गोलबजार नगरपालिका–६ डोहटियाकी स्व. रामवती सदालाई मृत्युपरान्त ग्रामीण संघर्षशिल महिला सम्मानद्वारा शनिबार सम्मानित गरिएको हो । प्रदेश नम्बर २ का अर्थ सल्लाहकार राजकुमार सिंह र दिनाराम दिनाभद्रि मन्दिरका पुजारी गोविन सदाले संयुक्त रूपमा माटोको टिका, दोसल्ला ओढाई कदरपत्र सहित सम्मान गरिएको आयोजकले जनाएको छ ।




यसैगरी मुसहर समुदायद्वारा मनाउने माटो दिवसको अवसरमा मधेस आन्दोलनका सहिद प्रमोद सदाको नाममा शैक्षिक प्रोत्साहन पुरस्कारको घोषणा गरिएको छ ।

सवरी संकल्प समाजको व्यवस्थापनमा ११ हजार ११ राशी सहितको शैक्षिक पुरस्कार घोषणा गरिएको हो । मुसहर समुदायका विद्यार्थिहरूलाई उच्चशिक्षाका लागि लक्षित गर्दै सहिद प्रमोद सदा शैक्षिक प्रोत्साहन पुरस्कार घोषणा गरिएको सवरी संकल्प समाज गोलबजारले जनाएको छ ।

## हात्ती ...

हात्ती भएको क्षेत्रमा हिँड्दा चनाखो भएर हिँड्ने, हात्तीको संकेत पाएमा, नयाँ पाइला वा गन्ध थाहा पाएमा वा देखेमा त्यतातिर नजाने, वनजंगलमा हात्तीको ताजा पाइला वा दिसा देखेमा वा रूख ढलाएको देखेमा वा हात्तीको हर्कत थाहा पाएमा सतर्क हुने र हात्ती भएको दिशातर्फ नजाने, हात्तीले लखेट्न खोजेमा बांगोटिंगो गरेर दौडने, हात्तीले लखेट्दा जमिनको भूगोलअनुसार भाग्ने, जस्तै- ढुंग्यान बगरतिर भाग्ने जसले गर्दा हात्तीको पैताला नरम भएकाले लखेट्न सक्दैन वा अलि छड्के परेर ओरालोतिर भाग्ने, किनभने शरीर ठूलो भएकाले शरीर ब्यालेन्स गर्न सक्दैन र लखेट्दैन वा दलदल हिलोतिर भाग्ने किनभने हात्तीको वजनदार शरीर हुने भएकाले आफू हिलोमा भासिने/फस्ने डरले हात्ती त्यतातिर जाँदैन ।

**हात्ती संरक्षणका प्रयास**

परापूर्वकालमा नेपालको मेचीदेखि महाकालीसम्मको चुरे र यसको समथर भूभागको वनजंगल नै हात्तीको विचरण क्षेत्र थियो । हाल आएर हात्ती घुम्ने क्षेत्र संकुचन भई शुक्लाफाँटा, बर्दिया, चितवन, पर्सा निकुञ्ज र कोसी टप्पु वन्यजन्तु आरक्षमा सीमित हुन पुगेको छ । तर, हात्ती यी क्षेत्रमा मात्र केन्द्रीकृत नभई भारतको आसाम र पश्चिम करवेट राष्ट्रिय निकुञ्जसम्म हात्ती विचरण गर्ने गरेको पाइएकोले नेपाल भारत दुवै देशले हात्तीका वासस्थानहरु सिर्जना गर्नेतर्फभन्दा पनि मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण रणनीति ल्याएर काम भइरहेको छ ।हालसम्म मानव-हात्ती द्वन्द्व न्यूनीकरण गर्नका लागि नेपालमा ३० वटा हात्तीलाई डार्ट गरी नियन्त्रणमा लिएको छ, जसले द्वन्द्व न्यूनीकरणमा सहयोग पुगेको र ११ वटालाई रेडियो कलर गरी अनुगमन गरिएको जसबाट हात्ती गाउँतिर नजिक पुग्न लाग्यो भने गाउँलेलाई पूर्वसूचना दिन सहयोग गरेको र वेलैमा सतर्कता अपनाउन सजिलो भएको छ । श्रीलंकामा ६ हजार हात्ती रहेका छन् र त्यहाँ मानव–हात्ती द्वन्द्व न्यूनीकरणमा उदाहरणीय काम भएका छन् । स्थानीय आफैं सक्रिय भई त्यसको नेतृत्व स्थानीय सरकारले लिएको छ । किसानको खेतबारीमा आउनबाट हात्तीलाई रोक्न सोलार तारबार गरेका छन् र सोको मर्मतसम्भार दैनिक रुपमा तारबार हेरालुले गर्ने व्यवस्था गरेका छन् । तर, नेपालमा सोलार तारबार भएको स्थानमा पनि यो स्तरको मर्मतका काम सक्रिय रुपमा नभएबाट मानव–हात्ती द्वन्द्व बढेको पाइन्छ ।

*साभार:नयाँ पत्रिका अनलाइनबाट*


## कर्जन्हा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कर्जन्हा, सिरहा, प्रदेश नं. २

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७७/१०/११**

यस कर्जन्हा नगरपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनौट हुन भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) अनुसार जानकारी गराउन र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारीको लागि प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | जम्मा कबोल रु. | बोलपत्रदाताको नाम | कैफियत |
|---|---|---|---|---|
| RBN-०१-०७७/०७८ | राजेन्द्र डोमको घरदेखि शालिकसम्म र कसिन्द्र घरदेखि सिमरासम्म सडक मर्मत कार्य | १९,६९,१११.४४।- (भ्याटसहित) | जानकी निर्माण सेवा | |

कर्जन्हा नगरपालिका



## पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि.
लहान न.पा.–१८, अमही (सिरहा)
शाखा कार्यालय लहान –६, नयाँ बजार

### कर्मचारी आवश्यकता

यस पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि. लहान–१८, अमही (सिरहा) को लागि निम्न अनुसार कर्मचारी आवश्यक परेको हुँदा योग्य र इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र १ प्रति फोटो सहित ७ दिन भित्र आवेदन आव्हान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | तलब/भत्ता |
|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | ५ | एस.एल.सी./ + २ पास/सो सरह | संस्थाको नियम अनुसार सेवा सुविधा प्रदान गरिने छ। |

**सम्पर्क :– ९८५२८३१९११, ९८०३८४९८५८, ९८४२८२४६५६**


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

- बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
- नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
- लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
- सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
- अर्नमा गाउँपालिका कार्यालय, सिरहा
- भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
- औरही गाउँपालिका कार्यालय, सिरहा
- विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
- नरहा गाउँपालिका कार्यालय, सिरहा






लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)